नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप


०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेलः daoramechhap@gmail.com


पत्र संख्याः- ०७९/०८०
चलानी नं.:- ४९२२

मितिः- २०८०/०३/१३

श्री स्थानीय तह, सबै,
रामेछाप ।

**विषयः- नागरिकताको लागि सिफारिस सम्बन्धमा ।**

प्रस्तुत विषयमा जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिहरुको सन्तानहरुको लागि नेपाली नागरिकता प्रदान गर्ने प्रयोजनका लागि देहायका कागजातहरु आवश्यक हुने हुँदा तहाँ स्थानीय तह अन्तर्गतका वडा कार्यालयहरुबाट सिफारिस गर्दाका वखत नै उक्त कागजातहरु अनिवार्य रुपमा एकिन गरी सक्कलै कागजातका साथ सिफारिस गरी पठाउने व्यवस्था हुन तहाँ मार्फत सम्पूर्ण वडा कार्यालयहरुमा निर्देशन हुन निर्देशानुसार अनुरोध छ ।

<u>देहाय</u>

१. अनुसूचि फाराम-१ सिफारिस (अनिवार्य)
२. सनाखत गर्ने व्यक्ति पहिचान सहितको सिफारिस पत्र (अनिवार्य)
३. बुबा र आमा दुवैको नेपाली नागरिकताको प्रमाण पत्र (अनिवार्य)
४. बुबाको जन्मको आधारको नागरिकता प्राप्त गरेको मिति २०७२ असोज ३ भन्दा अघिको हुनुपर्ने । आमाको नागरिकता समेत जन्मको आधारमा भए सो समेत सोही मिति भन्दा अघिको हुनुपर्ने ।
५. जन्म दर्ता प्रमाण पत्र (स्थानीय पंजिकाधिकारीको कार्यालयमा अनलाईन दर्ता भएको) (अनिवार्य)
६. नेपालमा निरन्तर बसोबास गरेको व्यहोरा खुलेको वडा सर्जमिन मुचुल्का (अनिवार्य)
७. स्थायी बसोबास भएको जनाउने कागजातहरु जस्तैः पानीको विल, विद्युत महशुल तिरेको विल, स्थायी लेखा नम्बर, व्यापार व्यवसाय दर्ता प्रमाण पत्र लगायत (अनिवार्य)
८. तीन पुस्ता भन्दा अघिदेखि ऐलानी जग्गामा बस्ने र सुकुम्बासीहरुको हकमा बुँदा नं. ६ मा उल्लेख भएको कागजात उपलब्ध हुन नसकेको अवस्थामा निजहरुले भोगचलन गरेको जग्गाको कुनै निस्सा (अनिवार्य)
९. स्थायी वसोवास प्रमाणित (अनिवार्य)
१०.आमाको नागरिकताको प्रमाण पत्रमा पतिको नाम कायम नभएको हकमा विवाह दर्ता प्रमाण पत्र (अनिवार्य)
११.आमा/बुबाको मृत्यू भईसकेको हकमा मृत्यू दर्ता प्रमाण पत्र (अनिवार्य)
१२.अन्य जिल्लाबाट बसाई सरी आएको हकमा बसाईसराईको प्रमाण पत्र (अनिवार्य)
१३.अध्ययन गरेकाहरुको हकमा शैक्षिक योग्यताका प्रमाण पत्र (अनिवार्य)
१४.हजुरबुबा दाजुभाइ दिदी/बहिनीको नागरिकता प्रमाणपत्र, जग्गाधनी प्रमाणपत्र, मतदाता परिचय पत्र लगायत (आवश्यकता अनुसार)
१५.बुबा, आमा, निवेदक र सनाखत गर्ने वीचको तीनपुस्ते खुल्ने प्रमाण पत्र (अनिवार्य)
१६.छानविनको क्रममा आवश्यकता अनुसार अन्य थप कागजात माग गर्दा प्रहरी सर्जमिन गर्ने समेत सकिनेछ ।

**नोटः** नियमित रुपमा जारी हुने र बाबुको जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानहरुको लागि जारी हुने नेपाली नागरिकता बाहेक नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ मा उल्लेखित अन्य व्यवस्थाको हकमा नेपाल सरकारले पछि तोके बमोजिम हुनेछ ।

२०८०/०३/१३

अस्मिता बानिया
प्रशासकीय अधिकृत

अस्मिता बानिया
प्रशासकीय अधिकृत